सभाबाट स्वीकृत मितिः २०७८/०३/१०

# गंगाजमुना गाउँपालिकाको विनियोजन ऐन, २०७८

**प्रस्तावनाः**

गंगाजमुना गाउँपालिकाको आर्थिक बर्ष २०७८/२०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गंगाजमुना गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट स्वीकृत भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०७८/०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची–१ मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु ५६८७९५३००/- (अक्षरेपी छपन्न करोड सतासी लाख पन्चान्वे हजार तीन सय रुपैया)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त गाउँ कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय

व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(ऐनको दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## आ.व. ०७८/०७९ को बजेट सांराश

| | आ.व. ०७८/७९ को आय अनुमान | | | आ.व. ०७८/७९ को व्यय अनुमान | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **आय शीर्षक** | **रकम (रु हजारमा)** | **सि.नं.** | **व्यय शीर्षक** | **विनियोजित रकम (रु हजारमा)** |
| १ | गाउँपालिका आन्तरिक आम्दानी | ४६५५ | १ | चालु खर्च तर्फ | ६९७३०.३० |
| २ | संघीय राजश्व बाँडफाँड | ७२६१९ | २ | सडक, खानेपानी तथा संघ संस्था साझेदारी | ७९८४७.०० |
| ३ | संघीय समानीकरण | १३०००० | ३ | शिक्षा, युवा तथा खेलकुद | १०८१०.०० |
| ४ | प्रदेश राजश्व बाँडफाँड | १४०४७.३ | ४ | स्वास्थ्य | १५४४०.०० |
| ५ | प्रदेश समानीकरण | ११११७ | ५ | सुशासन तथा संस्थागत विकास | १३४००.०० |
| ६ | रोयल्टी बाँडफाँडबाट प्राप्त रकम (संघ) | ० | ६ | पर्यटन विकास तर्फ | ५०००.०० |
| ७ | गत आ.व.को मौजदात | ३०००० | ७ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ | ४४००.०० |
| | | | ८ | कला, सांस्कृतिक प्रवर्द्धन तर्फ | १४००.०० |
| | | | ९ | उद्योग, वन, वातावरण तथा विपद् व्यवस्थापन | ८५००.०० |
| | | | १० | कृषि विकास तर्फ | ५०००.०० |
| | | | ११ | पशु विकास तर्फ | ०.०० |
| | | | १२ | न्यायिक समिति तर्फ | ९५०.०० |
| | | | १३ | गत आ.व.को क्रमागत योजनाको भुक्तानी हुन बाँकी | ६९६१.०० |
| | | | १४ | वडागत बजेट (वडा नं. १, २, ३ र ४ का लागि रु ५०/५० लाख र वडा नं. ५, ६ र ७ का लागि रु ७०/७० लाख) | ४१००० |
| | **जम्मा (क)** | **२६२४३८.३००** | | **जम्मा (क)** | **२६२४३८.३** |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | संघीय सशर्त अनुदान | २१४१०० | १ | संघीय सशर्त अनुदान | २१४१०० |
| २ | संघीय समपुरक | २७०० | २ | संघीय समपुरक | २७०० |
| | संघीय विशेष अनुदान | ४९९०० | | संघीय विशेष अनुदान | ४९९०० |
| ३ | प्रदेश सशर्त अनुदान | १५३७० | ३ | प्रदेश सशर्त अनुदान | १५३७० |
| ४ | प्रदेश विशेष अनुदान | ४२०० | ४ | प्रदेश विशेष अनुदान | ४२०० |
| ५ | प्रदेश समपुरक अनुदान | २००८७ | ५ | प्रदेश समपुरक अनुदान | २००८७ |
| | **जम्मा (ख)** | **३०६३५७** | | **जम्मा (ख)** | **३०६३५७** |
| | **कुल जम्मा (क + ख)** | **५६८७९५.३** | | **कुल जम्मा (क + ख)** | **५६८७९५.३** |